# हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
# HIMALAYAN LIFE INSURANCE LIMITED

HIMALAYAN LIFE
सुरक्षा अटल, भविष्य सबल

प.सं./हि.ला.इ.लि./च.नं./...४०११.../०८०/०८१
मिति: २०८०/०९/२०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषय: वार्षिक साधारण सभा तथा शेयर दाखिल खारेज बन्द (Book Close) हुने जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा कम्पनीको संचालक समितिको मिति २०८०/०९/१९ गते दिनको ३:०० बजे कम्पनीको केन्द्रीय कार्यालय हात्तिसार, काठमाण्डौंमा बसेको १६ औं बैठकबाट कम्पनीको सोह्रौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं । सो साधारण सभाको प्रयोजनको लागि मिति २०८०/१०/०३ गते एक दिनको लागि यस कम्पनीको शेयर दाखिल खारेज बन्द (Book Close) गर्ने निर्णय भएको व्यहोरा समेत जानकारी गराउँदछौं । साथै वार्षिक साधारण सभामा पेश गरिने कार्यसूचीको विवरण यसै साथ संलग्न गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय**
**मिति:** २०८०/१०/१८ गते बिहिबार (तद्नुसार १ फेब्रुअरी, २०२४)
**स्थान:** सिल्भर ओक बैंक्वेट, गैरीधारा, काठमाण्डौं
**समय:** बिहान ११:०० बजे

ईश्वर कुमार सेडाई
कम्पनी सचिव

**बोधार्थ:**
१. श्री नेपाल बीमा प्राधिकरण, कुपण्डोल, ललितपुर ।
२. श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौं ।
४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौं ।
५. श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौं ।

Manakamana Marga, Hattisar, Kathmandu | Phone no.: 01-4441414, 01-5970057 | Post Box no.: 25979
Email: info@himalayanlife.com.np | Website: www.himalayanlife.com.np

# हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेडको सोह्रौं बार्षिक साधारण सभामा छलफल तथा निर्णयार्थ पेश हुने प्रस्तावहरुको सूची

**(क) साधारण प्रस्तावः**

१. संचालक समितिको आ.व. २०७८/७९ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. साविक प्राइम लाइफ इन्स्यारेन्स कम्पनी लिमिटेड, गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र यूनियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको आ.व. २०७८/७९ को लेखापरीक्षकको प्रतिवेदन, वासलात तथा नाफा/नोक्सान हिसाब एवं नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु तथा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम तयार गरिएको वित्तीय विवरण माथि छलफल गरी पारित गर्ने ।

३. संचालक समितिको निर्णय बमोजिम आ.व. २०७९/८० को लागि बाह्य लेखापरीक्षकको नियुक्ती गर्न कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत प्राप्त चार्टर्ड एकाउन्टेण्ट एलएसपि एशोसिएट्सको नियुक्ति तथा पारिश्रमिक अनुमोदन गर्ने ।

४. कम्पनीको संचालक समितिमा प्रतिनिधित्वको लागि संस्थापक समूहबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना र सर्वसाधारण समूहबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

५. स्वतन्त्र संचालक नियुक्तिको अनुमोदन गर्ने ।

**(ख) विशेष प्रस्तावः**

१. संचालक समिति तथा उपसमितिको बैठक भत्ताको अनुमोदन गर्ने ।

२. नियमनकारी निकायहरुले प्रस्तावित बिषय उपर कुनै फेरबदल, संसोधन एवं परिमार्जनको लागि निर्देशन दिएमा सोही बमोजिम गर्न संचालक समितिलाई अख्तियारी दिने ।

३. कम्पनी ऐनको दफा १०५ को (१) (ग) बमोजिम आ.व. २०७८/७९ मा भएको खर्चको अनुमोदन गर्ने ।

**(ग) विविधः**

ईश्वर कुमार सेडाई
कम्पनी सचिव

हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड
HIMALAYANLIFE